नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ५५ २०८० साल असोज ५ गते शुक्रबार (22 Sep. 2023 Friday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अझै संघीयता कार्यान्वयनमै.. ३ पृष्ठमा : साउन र भदौमा पाँच अर्ब ४३ करोडको ... ३ पृष्ठमायानडाबाट भारतीय भिसा ...

# क्षमा पूजा गरेर छिन्नमस्ता भगवतीको पुरानै मुकुट लगाउने तयारी



छिन्नमस्ता भगवतीको पुरानो मुकुट (बाँया) तथा दायाँतर्फ नयाँ मुकुट । ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

सप्तरीको छिन्नमस्ता भगवती मन्दिरमा रहेको देवीको मूर्तीमा क्षमा पूजा गरेर पुरानै मुकुट लगाउने तयारी गरिएको छ ।

मुलुककै प्रसिद्ध शक्तिपीठ मध्येका एक छिन्नमस्ता भगवती मन्दिरकी देवीको एक किलो ५० ग्राम तौल भएको पुरानो मुकुटलाई झिकेर बिहीबार छिन्नमस्ता भगवती मन्दिर समितिले दाता परिवारसमेतको नाम लेखिएको नयाँ मुकुट जडान गरिएपछि सर्वत्र बिरोध सुरु भएको थियो ।

दाता परिवारको लहडमा मन्दिर समितिले मूर्तीको स्वरुप परिवर्तन गरि लाखौं श्रद्धालुको आस्थासँग खेलवाड गरेको भन्दै स्थानीय समेतले चर्को बिरोध गरेका थिए ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले आफूलाई जानकारी समेत नदिई एकतर्फी ढंगले मन्दिर समितिले मुकुट हेरफेर गरेको भन्दै आक्रोस पोखे । उनले उक्त कार्यलाई तत्कालै सच्याउन समितिलाई कडा निर्देशन दिएको बताए ।

आफूखुशी माताको मुकुट परिवर्तन गरि समितिले लाखौं श्रद्धालु भक्तजनको आस्थामाथी चोट पुर्‍याउने काम गरेको भन्दै उनले यसलाई तत्काल सच्याउन मन्दिर नै पुगेर समितिलाई कडा निर्देशन दिएको बताए ।

उनले गाउँपालिकाकै पहलमा पुरानो मुकुटलाई सुन्दरता प्रदान गरि शुक्रबार साँझ ५ बजेभित्र मन्दिरमा पुर्नस्थापित गरिने तयारी गरिएको समेत जानकारी दिए ।

दाता परिवारका कृष्ण मुरारी प्याकुरेल, गोपीराज प्याकुरेल, राधा प्याकुरेल र शंकर प्याकुलेर गरि चार जनाको नाम कुँदेर भगवतीको मुर्तीमा नयाँ मुकुट जडान गरिएको छ । नयाँ मुकुटको तौल एक किलो २ सय ५० ग्राम रहेको छ ।

मन्दिरका पीठाधिश महाकान्त ठाकुरले पुराना मुकुटमा चिरा परेका कारण दाता पक्षकै अनुरोधमा नयाँ मुकुट जडान गरिएको बताए । यद्दपी यसको व्यापक बिरोध भएकाले शुक्रबार क्षमा पूजासहित पुरानै मुकुट लगाउने निष्कर्षमा समिति पुगेको उनले जानकारी दिएका छन् ।

# शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी)लाई सरकारले प्रतिबन्ध लगाउदै

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ असोज ।**

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले शैक्षिक परामर्श केन्द्र ( कन्सल्टेन्सी)लाई अध्ययन तथा कलेजको नाममा वैदेशिक रोजगारीमा पठाउन सरकारले प्रतिबन्ध लगाउने बताएका छन् ।

बिहीबार प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति बैठकमा बोल्दै मन्त्री भण्डारीले पछिल्लो समय वैदेशिक रोजगारीका लागि व्यक्तिगत र भिजिट भिषाको नाममा जानेहरुमा बढी विकृति देखिएको जानकारी दिए ।

मन्त्री भण्डारीले उक्त काम म्यानपावर भन्दा पनि कन्सल्टेन्सीहरुमार्फत अध्ययन र कलेजको नाममा भइरहेको पाइएको बताए । उनले वैदेशिक रोजगार व्यवसायी संघमार्फत वैदेशिक रोजगारीमा जानेहरुमा समस्या नभएको दाबी समेत गरेका छन् ।

मन्त्री सिंहले शैक्षिक परामर्श केन्द्रहरुले वैदेशिक रोजगारीमा पठाउने श्रमिकहरुको रेकर्ड सरकारसँग पनि नभएको बताए । त्यस्ता संस्थाहरुको कुनै उत्तरदायित्व नहुने भन्दै सरकारले वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुले श्रम स्वीकृत लिएर मात्रै जानुपर्ने व्यवस्था प्रतिकूल हुनेगरी शैक्षिक परामर्श केन्द्रहरुले गर्ने यस्तो कार्य रोक्न सम्बन्धित मन्त्रालयलाई पत्राचार गर्ने तयारी गरिएको बताए ।

पछिल्लो समय ९९ प्रतिशत भिजिट भिषामा जाने महिला कामदारहरु समस्या रहेको उनको भनाइ छ । उनले घरेलु कामदारको विषयमा सरकारले रोके पनि जाने क्रम भने नरोकिएको बताए ।

# दोस्रो दिन पनि शिक्षकहरुले प्रदर्शन जारी

**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

सरकारले संसद् सचिवालयमा दर्ता गरेको विद्यालय शिक्षा विधेयकुको विरोधमा बिहीबार दोस्रो दिन पनि शिक्षकहरुले प्रदर्शन जारी राखेका छन् ।

देशभरबाट आन्दोलनका लागि आएका शिक्षकहरु काठमाडौंको माइतीघर मण्डलदेखि नयाँबानेश्वरको निषेधित क्षेत्रसम्म उत्रिएका छन् ।

नेपाल शिक्षक महासंघको अगुवाइमा आन्दोलन थालिएको हो। आन्दोलनका कारण उपत्यकाको ट्राफिक अस्तव्यस्त बनेको छ ।

बुधवारबाट सुरु भएको काठमाडौंकेन्द्रित आन्दोलन माग पूरा नहुन्जेलसम्म चल्ने शिक्षकहरुले बताएका छन् ।


शिक्षकहरु आन्दोलनमा उत्रिएपछि सरकारी तथा सामुदायिक विद्यालयको पठनपाठन ठप्प बनेको छ ।

शिक्षकले नपढाएपछि विद्यार्थीहरु विद्यालय पुगेर फर्किएका छन् । संसद्मा दर्ता भएको शिक्षा विधेयकमा महासंघले विभिन्न १८ बुँदे असहमति प्रकट गरेको छ ।

जसमा सरुवा बढुवा, दरबन्दी, स्थानीय पालिकाअन्तर्गत नबस्नेसहितका माग छन् । ती माग पूरा नभएसम्म आन्दोलन नरोकिने

***बाँकी अन्तिम पृष्ठमा***

# प्रभु बचत तथा ऋण सहकारी संस्थामा आगलागिबाट लाखौंको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**

राजविराजस्थित प्रभु बचत तथा ऋण सहकारी संस्थामा बुधबार राती भएको आगलागिमा लाखौं मुल्य बराबरको सम्पत्ति खरानी भएको छ ।

राजविराज ४ स्थित सो संस्थामा भएको आगलागिमा फर्निचर, कम्प्युटर, एसी, ल्यापटप, पंखा, प्रिन्टिर लगायतका सामाग्रि जलेर करिब १० लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

आगलागि राती १२ बजेदेखी २ बजेको बीचमा भएको हुन सक्ने अनुमान गरिएको छ । संस्थाका व्यवस्थापक राजकुमार साहले आफू अबेर रातीसम्म संस्थाको काम सकाएर घर फर्किएको तथा बिहान फर्केर आउँदा मात्र आगलागि भएको थाहा पाएको बताए । उनले आगलागिबाट संस्थाका केही महत्वपूर्ण कागजातहरु समेत जलेर खरानी भएको बताए ।

विद्युत सर्ट भई अचानक आगलागि भएको अनुमान गरिएको छ । आगलागिबारे जानकारी प्राप्त भएपछि पुगेको प्रहरी टोलीले उक्त घटना बारे आवश्यक अनुसन्धान भइरहेको जनाएको छ ।

## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

**लम्पी स्किन रोगका लक्षणहरु:**

- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने।
- छालामा गिर्खा/गाँठाहरु देखिने, केही समय पछि हराउने वा फुट्ने र किरा औंसा पर्नसक्ने।
- नाक,मुख, कल्चौंडा र थुनमा घाऊ हुने।
- आँसु, ऱ्याल, सिंगान आउने चिप्रा कचेरा लाग्ने।
- खुट्टा जोर्नि सुनिने।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं।
- ज्वरो आएको पशुलाई आराम गराऔं।
- नजिकको पशुचिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### ध्वनी प्रदुषण रोक्न सम्बन्धित निकाय असफल

जिल्लामा ध्वनी प्रदुषणका कारण स्थानीयहरुलाई निकै सास्ती खेप्नु परिरहेको छ । विभिन्न धार्मिक कार्यक्रम, राजनीतिक भाषण, विवाह लगायतका नाममा चर्को आवाजमा डिजे, साउण्ड बक्समार्फत ध्वनी प्रभावित भइरहेको छ । प्रदुषण भनेको वातावरणलाई वेफाइदा पुऱ्याउनुदेखी मानविय जिवनलाई समेत कुनै न कुनै प्रकारबाट पुऱ्याइरहेको हानीलाई बुझ्नुपर्छ जस अन्तरगत ध्वनी पनि एक हो । एक दशकअघि मात्र अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न आदेश जारि गरेको थियो । तर, त्यो कागजमै सीमित रहेको छ ।

अदालतले ध्वनी प्रदुषण गर्नेलाई कारवाही गर्न जिल्ला प्रहरी, प्रशासन लगायत सरोकारवाला निकायलाई निर्देशानात्मक आदेश दिएको थियो । तर, त्यसको पालना हालसम्म हुन सकेको छैन् । यसरी कुनै पनि निर्णय गर्नु अगावै त्यसको कार्यान्वयन पक्षलाई समेत ध्यान पर्ने हो । तर, यस जिल्लामा गरिने निर्णयहरु जहिले पनि हचुवाको तालमै हुने गरेको छ । राजनीतिक भाषणमा समेत नगरको विभिन्न स्थानमा साउण्ड बक्स जडान गरि ठूला ठूला स्वरमा आवाज आउने गरेको छ । यति मात्र नभएर धार्मिक प्रवचनको नाममा पनि ध्वनी प्रदुषण हुने गरेको छ ।

तसर्थ ध्वनी प्रदुषण रोक्नका लागि स्थानीय पालिका समेतले गम्भिर चासो देखाउनु पर्छ । सम्बन्धीत निकायले नियन्त्रण गर्न कार्यान्वयन पक्षलाई बलियो बनाउनु आवश्यक छ । कुनै पनि सरकारी निर्णय वा आदेशको पालना गराउनेतर्फ ती निकाय अग्रसर हुनपर्छ ।

# अझै संघीयता कार्यान्वयनमै उल्झन

**टिकाराम सुनार/रासस**
जनकपुरधाम, ४ असोज ।

राज्यको मूल संरचनालाई सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गर्दै राज्यशक्तिको प्रयोग पनि तीनै तहबाट हुने व्यवस्थासहित संविधान जारी भएको पनि आठ वर्ष भयो । सोही व्यवस्थामा टेकेर पहिलोपटक २०७४ सालमा आम निर्वाचन भएयता सात सय ६१ स्थानबाट शासकीय अभ्यास हुन थालेको पनि साढे छ वर्ष भइसकेको छ तर यति छोटै समयमा सङ्घीयतालाई परिणाममुखी बनाउन नसकेको भनेर नेतृत्वकर्ता आलोचित हुन थालेका छन् ।

पूर्वन्यायाधीश गिरिशचन्द लाल जनताको दृष्टिबाट हेर्दा संविधान कार्यान्वयनले अपेक्षाकृत गति लिन नसकेको र तीन तहका सरकारबीच अधिकार प्रयोगका हिसाबले भइरहेको उल्झनले निरासालाई थप प्रश्रय दिइरहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "संविधानको भावनानुसार जनतालाई न्यायको अनुभूति गराउने कुरामा तीन तहका सरकार र मूल राजनीतिक नेतृत्वको शासकीय गतिविधि ठीक बाटोमा गइरहेको छैन ।

लोकतन्त्र र सङ्घीयताले आवधिक निर्वाचन र बहुदलको शासन मात्रै कल्पना गर्दैन भन्ने हेक्का नराखेको जस्तो देखिन्छ ।" नागरिक अगुवा डा विजय सिंहले पनि एउटा व्यवस्थाबाट अर्को व्यवस्थामा जाँदा परिणाम देखिन केही समय लागे पनि शासकीय अभ्यासकर्ताले प्रवाह गरिरहेको सन्देश भने सकारात्मक हुनुपर्ने बताउनुभयो । "जनविद्रोह, बलिदानी र सडक सङ्घर्षको बलमा स्थापित यो व्यवस्थासँग नागरिकको अगाध आस्था छ । हिजोको बलिदानी र सङ्घर्ष एकथान संविधान ल्याउनका लागि मात्रै थिएन । यो संविधान शासनसत्तालाई जनताको जीवनसँग जोड्दै अवस्था बदल्नुपर्छ भन्ने भावनाको निष्कर्ष पनि हो तर सोअनुसार परिणाम दिन सकिएको छैन", डा विजय सिंहले भन्नुभयो ।

पूर्वन्यायाधीश लालले नेपालमा व्यवस्था बदल्नका लागि सङ्घर्ष हुने तर जुन उद्देश्यका साथ व्यवस्था बदलिएको हो सोअनुसार अवस्था बदल्न चुक्ने प्रवृत्ति अहिले पनि कायम रहनु दुर्भाग्यपूर्ण भएको बताउनुभयो । "अहिले जति पनि निरासा, वितृष्णा र गुनासा छन्, त्यसको कारण लोकतन्त्र वा सङ्घीयता होइन । शासकीय शक्तिको अभ्यास गर्ने व्यक्ति, निकाय र तहका गतिविधिले त्यस्तो हुनजान्छ", लालले भन्नुभयो, "त्यसैले पछिल्लो परिवर्तनको औचित्य स्थापित गर्न ढिलाइ गर्नुहुन्न । समय छँदै सबै सचेत बनौं ।"

पूर्वमुख्यसचिव डा सोमलाल सुवेदी पनि सङ्घीयता कार्यान्वयनका लागि आधारभूत अङ्गको रुपमा रहेका तीन निकायबीचको सहकार्य र समन्वयले अपेक्षाकृत गतिलिन नसकिएको बताउनुहुन्छ । संविधान घोषणापछि बनेको उच्चस्तरीय सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचना निर्देशक समितिका सदस्य सचिव तथा सङ्घीयता कार्यान्वयन तथा प्रशासन पुनः संरचना समन्वय समितिका संयोजकसमेत रहिसक्नुभएका डा सुवेदी राजनीतिक सङ्घीयता र वित्तीय सङ्घीयता कार्यान्वयनमा केही राम्रो प्रयास भए पनि सङ्घीयताको प्राविधिक पक्ष र कार्यसम्पादनकर्ताको रुपमा रहेको प्रशासनिक सङ्घीयता व्यवस्थापन प्रभावकारी हुन नसकेको धारणा राख्नुहुन्छ ।

"हामी राजनीतिक सङ्घीयता कार्यान्वयनको हिसाबले धेरै अगाडि बढिसकेका छौँ । वित्तीय सङ्घीयताबारे केही गुनासा सुनिए पनि वडा तहसम्म राज्यको स्रोत, राजस्व बाँडफाँट वा बजेट तथा कार्यक्रम पुगेकै छ तर प्रशासनिक सङ्घीयताको महत्वपूर्ण पक्ष कर्मचारी व्यवस्थापन, सुरक्षा बन्दोबस्तको विकेन्द्रीकरणका सवालमा ऐन, कानुन निर्माणको कुरा अहिले पनि बहसमै छ । यो ढिला भयो, जसको प्रभाव तपाईँले देखिरहनुभएकै छ", डा सुवेदी भन्नुहुन्छ ।

**'अपजस जति प्रदेशमा'**

शासनका लाभहरूको समन्यायिक र समानुपातिक वितरण गर्न चाहने इच्छाशक्ति (नीति र नेतृत्व), कानुन (अधिकार)को समुचित बन्दोबस्त र कार्यसम्पादन (प्रशासन) कर्ताबीचको सन्तुलन नमिल्दा सङ्घीयताको सबलीकरणमा समस्या भइरहेको भन्नेहरू धेरै छन् । स्वयं प्रदेश सरकारको नेतृत्वकर्ता सबैभन्दा बढी असन्तुष्ट छन् ।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव शासनाधिकार दिने तर त्यसको कार्यान्वयनका लागि आवश्यक 'प्रशासन' नदिएर प्रदेश संरचनालाई नै निकम्मा सावित गर्न खोजिएको भन्दै पटकपटक सङ्घीय सरकारमाथि खनिनुहुन्छ । उहाँ सङ्घीय सरकारको नेतत्वकर्ताको अनिच्छाले अधिकार फुकुवा र संयोजन नगरिदिँदा कार्यसम्पादनमा जटिलता उत्पन्न भएको तर प्रदेशले काम गरेन भनेर चौतर्फी आक्रमण भइरहेको धारणा राख्नुहुन्छ ।

"मधेस प्रदेशले सङ्घीयताको संस्थागत विकासका लागि अरुभन्दा एक कदम अगाडि बढेर कानुन बनाएको जगजाहेरै छ । व्यवस्थालाई नागरिकको जीवनसँग जोड्न दलित, महिला, बालबालिका, युवाको सशक्तीकरण तथा सुशासनका लागि कानुन तर्जुमा गऱ्यौँ तर त्यसको कार्यान्वयन गर्न केन्द्रकै मुख ताक्नुपर्छ, अनि कसरी काम गर्ने ?", मुख्यमन्त्री यादव प्रश्न गर्नुहुन्छ ।

शासन गर भन्ने तर शक्ति र अधिकारको विकेन्द्रीकरण नचाहने, कर्मचारी, प्रहरी प्रशासन नदिने, स्रोतसाधनको न्यायोचित वितरण गर्न नसक्नेजस्ता सङ्घीय सरकारको व्यवहारले प्रदेश सरकारको अनुभूति गराउन अनेकन चुनौतिको सामना गर्नुपरिरहेको मुख्मन्त्री यादवको भोगाइ छ ।

मधेस प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउतले संविधानको मर्मअनुसार सङ्घीय सरकारबाट सहयोगभन्दा बढी असहयोग हुने गरेको गुनासो गर्नुभयो । त्यसै कारण आफू नेतृत्वमा हुँदा अधिकार र क्षेत्राधिकारका सम्बन्धमा विवाद भएपछि नेपाल सरकारविरुद्ध सर्वोच्च अदालतमा विभिन्न छ वटा मुद्दा/रिट दायर गर्नुपरेको राउतले स्मरण गर्नुभयो ।

"प्रहरी, प्रशासन (कर्मचारी) कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय, वन व्यवस्थापन र अन्य क्षेत्राधिकारमा केन्द्र सरकारको हस्तक्षेपविरुद्ध छ वटा मुद्दा सर्वोच्च अदालतमा हाल्यौं तर अहिलेसम्म त्यसको सुनुवाइ गरिएन", राउतले रासससँग भन्नुभयो, "सङ्घीयताको संस्थागत विकासका लागि ढिलासुस्ती सबैभन्दा बाधक हो किनकी जनताले अब धैर्यता गर्नेवाला छैनन् । अधिकार प्रत्यायोजन र त्यसको कार्यान्वयनमा जति ढिलाइ गऱ्यो, त्यति नै यो व्यवस्थामाथि आक्रमण हुन थाल्छ । अहिले त्यही त भइरहेको छ !", उहाँले आक्रोस पोख्नुभयो ।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरले संविधानले राजनीतिक, प्रशासनिक र वित्तीय सङ्घीयता सँगसँगै अगाडि बढ्उनुपर्ने परिकल्पना गरे पनि सोअनुसार हुन नसकेको बताउनुभयो । "विधायिकी र कार्यकारी अधिकारसहितको तीन तह भन्नुको अर्थ संविधानअनुसार हरेक तहले आफूलाई आवश्यक कानुन बनाई त्यसैको अधिनमा रही शासन गर्ने भन्ने हो", ठाकुरको भनाइ छ, "तर शासकीय अभ्यास गर्दा तीनै तहबीच तालमेल नमिल्दा संविधान आएको आठ वर्ष र जनप्रतिनिधिबाट शासन हुन थालेको साढे छ वर्ष हुँदा पनि सेवाप्रवाहमा जटिलता छ । यसमा सबै गम्भीर बन्नुपर्ने बेला आयो ।"

मधेस विद्रोहलगायत धेरै आन्दोलनलाई नजिकबाट देख्नु र भोग्नुभएका डा.सिंह सत्ताभोगको उल्झनमा लागेर संविधानको मूलकार्य ओझेलमा पर्दै गएको बताउनुहुन्छ । "कानुनमा सङ्घीयता आए पनि व्यवहारद्वारा औचित्य पुष्टि गर्न सकिएको छैन तर दोषजति प्रदेशलाई थोपर्न खोजिँदै छ । कुन उद्देश्यका साथ प्रदेश बनाइयो र अहिले किन प्रभावकारिता बढेको छैन भन्ने कुराको समीक्षा गर्ने कि नगर्ने ? मलाई लाग्छ संविधान ल्याउने मूलशक्ति नै अहिले सत्ताको मूल अंशियार भएकाले उनीहरूले जवाफ दिनसक्नुपर्छ" डा.सिंहले आग्रह गर्नुभयो ।

**'शासन छ तर शक्ति छैन'**

मधेस प्रदेशमा ११ वटा मन्त्रालय र मातहतमा एक सय ५२ निकाय छन् तर तीमध्ये शान्ति सुव्यवस्था कायम गर्ने प्रहरी प्रशासनमा प्रदेशको पहुँच छैन । वन, पशु, शिक्षा, भूमिलगायत कर्मचारी प्रशासन प्रदेशमा छ तर धेरै अधिकार सङ्घमै ।

मुख्यमन्त्री कार्यालयका सचिव रामकृष्ण पुडाशैनीले सङ्घीय निजामती ऐन नआउँदाको प्रभाव सबै तहका निकायमा परेको बताउनुभयो । उहाँले एकातर्फ कर्मचारीको अभाव र अर्कोतर्फ भएकै कर्मचारीमा पनि कानुनी, कार्य वातावरण र वृत्ती विकासको अन्योलताले उच्च मनोबलका साथ काम गर्नसक्ने अवस्था नरहेको बताउनुभयो ।

"हो, प्रशासनिक सङ्घीयताको मुख्य 'पिलर' का रुपमा रहेको कर्मचारी प्रशासन उत्साहित छैन । सङ्घीय निजामती सेवा ऐन नआउँदा कर्मचारी निराश छन् । समायोजनमा आएका कर्मचारीको बढुवा, व्यवस्थापन, भविष्य सुरक्षाको अन्योलताले व्यावसायिकरुपमा 'फ्रस्टेड' हुने अवस्था छ ।

तत्कालीन जिल्ला विकास समिति, विभिन्न समिति र आयोजनाका कर्मचारी अवकाशपछिको सेवा सुविधा, स्थानीय तहका कर्मचारीको अन्तिम गन्तव्य के हुने ? जस्ता प्रश्नले कार्यसम्पादनमा असर परिरहेको छ । यसलाई सम्बोधन गर्न सक्नुपर्छ", पुडासैनीले भन्नुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव राजेशकुमार मिश्रले २०७५ सालमा कायम दरबन्दीमध्ये हालसम्म ३५ प्रतिशतभन्दा बढी कर्मचारी रिक्त रहेकाले सोचेअनुरुपको कार्यसम्पादन गर्न नसकिएको बताउनुभयो ।

उहाँका अनुसार प्रदेशका ११ मन्त्रालयमध्ये पाँच मन्त्रालय अहिले पनि निमित्त सचिवको भरमा चलिरहेका र मन्त्रालयका लागि स्वीकृत चार सय ४१ कर्मचारीमध्ये करिब ६० प्रतिशत मात्रै पूर्ति

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# साउन र भदौमा पाँच अर्ब ४३ करोडको विद्युत् निर्यात

काठमाडौँ, ४ असोज (रासस) ।

नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको दुई महिनामा रु पाँच अर्ब ४३ करोड ३१ लाख बराबरको बिजुली भारत निर्यात गरेको छ ।

प्राधिकरणले गत साउनमा रु एक अर्ब ९४ करोड ८४ लाख र भदौमा रु तीन अर्ब ४८ करोड ४८ लाख बराबरको विद्युत् भारतीय बजारमा निर्यात गरेको हो । दुई महिनामा तीन अर्ब ३९ करोड ५७ लाख भारतीय रुपैयाँ बराबर (रु पाँच अर्ब ४३ करोड ३१ लाख) विद्युत् निर्यात भएको हो ।

साउन र भदौमा भारततर्फ निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत बिक्रीदर क्रमशः आठ रुपैयाँ १३ पैसा र १२ रुपैयाँ २७ पैसा छ । दुई महिनाको समग्र औसत विद्युत् बिक्रीदर प्रतियुनिट १० रुपैयाँ ३७ पैसा छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लिमिटेडलाई बिक्री गरिरहेको छ ।

भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभीएनलाई एक सय १० मेगावाट गरी कुल छ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ । यसमध्ये पाँच सय ६२ मेगावाट विद्युत् ढल्केबर–मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर–टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातबाट नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको बताउनुभयो ।

"देशभित्र उत्पादित विद्युत् यहीँ खपत गर्न पूर्वाधार संरचनाको सुधार तथा सुदृढीकरण गरिरहेका छौँ, विद्युत् नपुगेका ठाउँमा विद्युत् पुर्याउनका लागि विद्युतीकरणको कार्य पनि चलिरहेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "खपत गरी बचत भएको विद्युत् निर्यात गर्न दुई देशबीचका अन्तरदेशीय प्रसारण सञ्जाललाई थप विस्तार तथा पूर्णरूपमा प्रयोगमा ल्याउन पहल गरिरहेका छौँ ।"

***अझै संघीयता...***

गरिएको छ । प्रदेश लोकसेवा आयोगबाट झिनो सङ्ख्यामा कर्मचारी पूर्ति गरिएका छन् ।

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको सिफारिसमा सरकारले २०७५ चैतमा कर्मचारी समायोजन गर्दा सङ्घमा ४८ हजार चार सय नौ (३५ प्रतिशत), प्रदेशहरूमा २२ हजार दुई सय ९७ (१६ प्रतिशत) र स्थानीय सरकारमा ६६ हजार नौ सय आठ (४९ प्रतिशत) दरबन्दी स्वीकृत गरेको थियो । सोअनुसार मधेस प्रदेशको भागमा परेका तीन हजार ५२ कूल दरबन्दीमध्ये करिब दुई हजार एक सय कर्मचारी मात्रै समायोजन भएर आएका थिए । कर्मचारीको अभावमा भएकै अधिकार र बजेट खर्च गर्न हम्मेहम्मे छ । खर्च क्षमतालाई देखाएर सङ्घीय सरकारले चालु आर्थिक वर्षमा पहिलेको भन्दा रु पाँच अर्ब अनुदान कटौती गरेर पठाएको यहाँको बुझाइ छ ।

"प्रशासनिक सङ्घीयता कार्यान्वनको हिसाबले त २०७५ को कर्मचारी समायोजनभन्दा अगाडि बढ्न सकेको छैन । प्रदेशले कायम गरेन, सुशासन दिएन, जनअपेक्षा सम्बोधन भएनजस्ता आरोप छन् तर शासन भएर मात्रै के गर्नु ? अधिकार र दक्ष जनशक्ति छैन भने", मुख्यमन्त्री यादवले भन्नुभयो, "सङ्घ सरकारका नेतृत्वले सङ्घीयता कार्यान्वयनका लागि कुरा गर्ने तर का नगर्ने कारण के हो ? कतिसम्म अल्झाउने हामीलाई ? अब अरु प्रदेशले के गर्छन् थाहा छैन तर मधेसको जनता र यहाँको सरकारले थप धैर्य गर्नेवाला छैन । चाडपर्व सकिएलगत्तै नयाँ ढंगले अगाडि बढ्छौँ ।"

**'गम्भीर समीक्षा जरुरी'**

मुख्य न्यायाधिवक्ता ठाकुरको शब्दमा नेपालको सङ्घीयता 'शिशु' अवस्थामा छ । त्यसैकारण अहिले नै 'शिशु सङ्घीयता' दगुरेन भन्नु हतारो हुनेछ तर यो व्यवस्थाले ल्याएका अभूतपूर्व उपलब्धिहरूको रक्षा गर्ने बाटोमा हामी छौँ कि छैनौँ भन्ने समीक्षा भने अपरिहार्य रहेको ठाकुरको मत छ । पूर्व न्यायाधीश लालले पनि अहिलेका अन्यौलता चिर्ने मूल दायित्व परिवर्तन पक्षधर मूल राजनीतिक शक्तिहरूको नै भएकाले संवैधानिक, सैद्धान्तिक र व्यवहारिक विरोधाभाषलाई चिर्दै नागरिक हित रक्षाका लागि अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "देशका समग्र व्यवस्थालाई राजनीतिले नै नेतृत्व प्रदान गर्ने हो । राजनीतिक नेतृत्व सुध्रने, बदल्ने र सम्हालिएर तात्कालीन अभिभारा पूरा गर्न केन्द्रीत हुनुपर्छ । जनताको आक्रोस्, निराशा र जटिलतालाई सम्बोधन गर्न सुझबुझका साथ अगाडि बढ्न मेरो आग्रह छ ।"

डा सिंहले पनि संविधानको भावनाअनुसार हालसम्म भएका राम्रा र नराम्रा दुबै पक्षहरूको गम्भीर समीक्षा गरी अगाडि बढ्नुको विकल्प नभएको बताउनुभयो । "अहिलेसम्मको उपलब्धि, संविधान कार्यान्वयनको गति ठीक 'लिक' मा छ वा छैन भन्ने विषयमा स्वतन्त्र समीक्षा गर्ने निकाय बनाएर मूल्याङ्कन गरौ", सिंहले भन्नुभयो,"सदन र सडक (नागरिक आन्दोलन) बाट एकखालको दबाब, समीक्षा र मूल्याङ्कन गरेर जानसकेमा मात्रै हामीले परिवर्तनको अभिभारा ठीक ढङ्गले पूरा गर्ने देख्छु ।"

पूर्वमुख्यमन्त्री राउत संविधान घोषणा गर्ने मूल शक्तिहरू नै अहिले पनि संविधान कार्यान्वयनको मुख्य जिम्मेवारीमा रहेकाले ती शक्तिहरू इमान्दार भएमा समस्या समाधानको बाटो जटिल नरहेको देख्नुहुन्छ । "संविधानले धेरै कुरा लिपिबद्ध गरेको छ । नसमेटिएका विषय र मधेसका सरोकारहरू संविधान संशोधनमार्फत सम्बोधन गरौँ भनिरहेकै छौँ । संविधानले दिएको अधिकार सहजरुपमा प्रयोग गर्ने र बाँकी सवाल संशोधन गर्दै जानु नै वर्तमान समस्याको निकास हो", राउतले भन्नुभयो ।

मुख्यमन्त्री यादवले पनि संविधान निर्माणपछिको पहिलो निर्वाचनको पहिलो वर्षभित्र भएका केही कामबाहेक सङ्घीयताको संस्थागत विकासमा 'हलो अड्काउने' काम भएकाले अब तत्काल प्रदेश र स्थानीय सरकारलाई विश्वासमा लिएर जनतालाई न्याय दिनुपर्ने बताउनुभयो ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


## विश्व समाचार

# क्यानडाबाट भारतीय भिसा बन्द भएको घोषणा

ओटावा, ४ असार (रासस/एएनआई) ।

भारतले क्यानडाको राजधानी ओटावास्थित आफ्नो दूतावासबाट जारी गर्दै आएको प्रवेशाज्ञा (भिसा) सेवा बन्द गरेको छ । अर्को सूचना जारी नभएसम्मका निम्ति भिसा सेवा बन्द गरिएको दूतावासका निम्ति सेवा प्रवाह गर्दै आएको बिएसएल इन्टरनेशनल सर्भिसेजले बिहीबार जनाएको छ ।

विगत केही समयदेखि बिएसएल इन्टरनेशनल सर्भिसेजले भारत सरकारका निम्ति भिसा, राहदानी, 'कन्सुलर', प्रमाणीकरण र नागरिक सेवा प्रवाहका साथै प्रबन्ध गर्दै आएको छ । बिएसएले सरकारी र विश्वका विभिन्न देशमा रहेका भारतीय कूटनीतिक नियोगमा सेवा प्रवाह गर्दै आएको छ ।

उक्त कम्पनीले बिहीबार एक सूचना जारी गर्दै भारतीय भिसा सेवा अर्को सूचना नभएसम्म स्थगन गरिएको जनाउँदै बेलाबेलामा कम्पनीको वेबसाइट हेर्न सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्याको पछाडि भारत सरकारको हात रहेको आरोप लगाएपछि भारत–क्यानडा सम्बन्धमा तनाव उत्पन्न भएको छ । आतङ्कवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जुनमा क्यानडाको ब्रिटिश कोलम्बियास्थित गुरुद्वारा बाहिर गोली हानी हत्या गरिएको थियो ।

क्यानाडाको संसद्मा प्रधानमन्त्री ट्रुडोले आफ्नो देशको राष्ट्रिय सुरक्षा अधिकारीहरूले निज्जरको हत्यामा भारत सरकारका 'एजेन्ट'हरू संलग्न रहेका विश्वसनीय प्रमाण रहेको जानकारी दिएका बताउनुभएको थियो ।

क्यानडाका प्रधानमन्त्री र विदेश मन्त्रीले लगाएको आरोपलाई भारतको विदेश मन्त्रालयले अस्वीकार गर्दै दुवै नेताका भनाइलाई 'बेतुक' बताएको थियो ।

भारतको विदेश मन्त्रालयले बुधबार भारतीय नागरिक, क्यानडामा रहेका विद्यार्थी र भारत फर्कने योजनामा रहेकाहरूलाई सावधानी अपनाउन सुझाव दिएको छ । भारत विरोधी गतिविधि भएका क्षेत्र र हुनसक्ने सम्भावित स्थानमा नजान भारतीय नागरिक र भारतीय विद्यार्थीहरूलाई आग्रह गर्दै मन्त्रालयले विशेष सावधानी अपनाउन आग्रह गरेको छ ।

# सत्ताइस वर्षअघिको अपराधमा मृत्युदण्ड

ओक्लाहोमासिटी (अमेरिका), ४ असोज (रासस/एपी) ।

सत्ताइस वर्षअघि एक जना नृत्य छात्रालाई मारेको अभियोगमा दोषी ठहर भएका ४४ वर्षीय एन्थोनी साञ्चेजलाई बिहीबार बिहान मृत्युदण्ड दिइदै छ ।

वर्षौंसम्म हत्याबारेमा स्पष्ट जानकारी नभएपछि अपराध भएको स्थानबाट सुरक्षा निकायले डिएनए सङ्कलन एवं परीक्षण गरेर साञ्चेजमाथि हत्या अभियोगमा मुद्दा चलाएको थियो । ओक्लाहोमा कारागारमा रहेका उनलाई बिहीबार बिहान दश बजे तीन वटा घातक सुइ लगाएर प्राणदण्ड दिइनेछ ।

साञ्चेजले सम्भावित आममाफीको विकल्पलाई त्यागेर मृत्युलाई स्वीकार गरेका छन् । राज्यको आममाफी तथा मुक्ति परिषद्मा आवेदन गर्न अस्वीकार गरेर उनले जीवनप्रतिको वितृष्णा प्रस्तुत गरेका उनका धेरै आफन्तले बताएका छन् । यद्यपि उनका वकिलले मृत्युदण्ड रोक्न गरेको अपीललाई अदालतले अस्वीकार गरेको थियो ।

अदालतले सान्चेजलाई अर्कान्सास निवासी २१ वर्षीया जुली बुस्केनलाई बलात्कारपछि हत्या गरेको अभियोगमा दोषी ठहर गरेको थियो । सन् १९९६ को डिसेम्बर २० मा नर्मन अपार्टमेन्ट कम्प्लेक्सको पार्किङ स्थलबाट अपहरणमा परेकी उनको शव त्यसैदिन साँझ नर्मन अपार्टमेन्टबाट धेरै टाढा दक्षिणपूर्वी ओक्लाहोमा शहरको ताल नजिकै फेला परेको थियो । हातखुट्टा बाँधिएको र टाउकोमा गोली हानेर मारिएको अवस्थामा बुस्केनको शव भेटिएको थियो ।

# तोशिबा कम्पनीको शताब्दी पुरानो विरासत समाप्त

टोकियो, ४ भदौ (रासस/एएफपी) ।

विद्युतीय उपकरण उत्पादनका निम्ति विश्वविख्यात जापानी कम्पनी तोशिबाले सूचीबद्ध कम्पनीको रूपमा आफ्नो युग समाप्त भएको घोषण गर्दै कम्पनीको ८० प्रतिशत सेयर एउटा निजी समूहले खरिद गरेको बिहीबार जनाएको छ ।

सन् १८७५ मा स्थापना भएको तोशिबा कम्पनी १९ औँ शताब्दीमा जापानको आर्थिक पुनरुत्थान र प्राविधिक क्षेत्रमा नवप्रवर्तनको पर्याय बनेको थियो । सत्तरी वर्षसम्म सेयर बजारमा सूचीकृत कम्पनी अब त्यसबाट हट्ने प्रमुख कार्यकारी अधिकृत तारो सिमादाले बताएका छन् । "तोसिबा समूहले अब नयाँ सेयरधनीका साथ नयाँ भविष्यतर्फ ठूलो कदम चाल्नेछ," बिहीबार एक विज्ञप्ति निकालेर उनले भनेका छन् ।

जापानमा मात्र नभएर विदेशमा पनि घरायसी ब्राण्ड बनेको तोसिबा कम्पनीले प्रारम्भिककालमा ल्यापटप कम्प्यूटर, लिफ्ट र आणविक पावर स्टेशनहरूदेखि माइक्रोचिपसम्म निर्माण गर्दै आएको थियो । सन् २०१५ मा भएको आर्थिक घोटाला र अमेरिकी आणविक सहायक वेस्टिङहाउसबाट अर्बौं डलरको घाटा व्यहोर्नुपरेपछि केही वर्षदेखि कम्पनी सङ्कटमा फसेको थियो ।

# वित्तीय क्षेत्र सुधारको कार्ययोजना दुई हप्ताभित्र पेश गर्न निर्देशन

काठमाडौं, ४ असोज (रासस)। वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समितिको बैठकले वित्तीय क्षेत्र सुधारको कार्ययोजना दुई हप्ताभित्र पेश गर्न नियामक तथा सम्बन्धित निकायलाई निर्देशन दिएको छ।

समितिको बैठकबारे बिहीबार अर्थ मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै विभिन्न कानुनी व्यवस्था सुधारका लागि पहल गर्ने निर्णय भएको जनाएको छ। समितिको बैठकले नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र नेपाल धितोपत्र बोर्ड सम्बन्धी ऐन संशोधनको प्रक्रियालाई शीघ्रता दिने निर्णय गरेको छ। त्यस्तै, डिजिटल बैंक स्थापना गर्नेसम्बन्धी विद्यमान कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने निर्णय भएको पनि अर्थ मन्त्रालयको भनाइ छ।

सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा अध्ययन प्रतिवेदनलाई आधार मानी पुनरावलोकन गर्ने, विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने तथा रेमिट्यान्स बन्ड जारी गर्न कानूनी व्यवस्था र कार्ययोजना तयार पार्ने निर्णय भएको छ।

वित्तीय मध्यस्थता लागत कम गर्ने सम्बन्धमा गर्नुपर्ने सुधारको विषयमा सम्बन्धित निकायले नीति एवम् कार्यविधि तर्जुमा प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय पनि समितिले गरेको छ।

त्यसैगरी, वित्तीय क्षेत्र, पुँजीबजार र बीमा क्षेत्रको गतिविधि एवम् नियमनलाई थप प्रभावकारी बनाउने र समन्वयात्मक तरिकाले काम गर्ने निर्णय भएको अर्थ मन्त्रालयको भनाइ छ। नियामकको क्षमता अभिवृद्धि गर्ने कामलाई सम्बन्धित संस्थाले तदारुकताका साथ अगाडि बढाउने निर्णय भएको पनि मन्त्रालयले विज्ञप्तिमार्फत् जनाएको छ।

अर्थमन्त्री डा प्रकाश शरण महतको अध्यक्षतामा बसेको समितिको बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलगायत सहभागी हुनुहुन्थ्यो।

# एसईइ पूरकको नतिजा सार्वजनिक

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ असोज।**

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) पूरक (ग्रेडवृद्धि) को नतिजा सार्वजनिक गरेको छ। गत साउन २६ र २७ गते सञ्चालन भएको २०७९ सालको पूरक परीक्षाको नतिजा बिहीबार सार्वजनिक गरेको हो।

सार्वजनिक गरिएको नतिजा अनुसार ६६.९७ प्रतिशत विद्यार्थीले ग्रेड वृद्धि गरेका छन्। परीक्षामा १ लाख १३ हजार ३१३ विद्यार्थी सहभागी थिए। जसमा एक जना विद्यार्थीको परीक्षाफल रद्द गरिएको बोर्डले जनाएको छ। ग्रेड वृद्धि परीक्षा दिएका ३७ हजार ४१६ जना विद्यार्थीले ग्रेड वृद्धि गर्न नसकेको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले जनाएको छ।

आफ्नो नतिजामाथि चित्त नबुझेको खण्डमा पुनर्योगका लागि १५ दिनको समय दिइएको छ। असोज १९ गतेभित्रमा ग्रेडवृद्धि परीक्षाको परीक्षाफलमा कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहेको खण्डमा ५०० रुपैयाँ तिरेर निवेदन दिन सकिनेछ।

***दोस्रो दिन पनि...***

महासंघले चेतावनी दिएको छ।

उनीहरुले विद्यालय शिक्षक कर्मचारीमाथिको ज्यादती बन्द गर, शिक्षामा कुल बजेटको २० प्रतिशत लगानी गर, शिक्षामन्त्री राजीनामा दे, कक्षा १२ सम्मको पूर्ण निःशुल्क शिक्षाको व्यवस्था गर, १० वर्षमा आवधिक बढुवाको ग्यारेन्टी गर, राहत र उच्च मावि दरबन्दी स्वीकृत गर, शिक्षा विधेयक संशोधन गर लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर विरोध जनाएका हुन्।


## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१ मिति २०८०।०६।०४
चलानी नं. १०८

विषय : सूचना · सूचना. सूचना

**३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना**

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने शिव कुमार साह र राजेश कुमार साह समेतले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८०।०६।०४ मा द.न. १०४ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

**जि.स.रा.वि.न.पा. वाडा.नं ४ हाल ३ बस्ने श्रीमती बद्री देवी सोनानीं नाउँ दर्ताको जग्गा**

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ६ | ८०४ | ०-०-४ १/२ |
| सप्तरी | राजविराज | ६ | १८०१ | ०-०-२ १/४ |

२०८०।०६।०४

**अनिल कुमार दास**
**वडा अध्यक्ष**


# १० अर्ब बराबरको विकास ऋणपत्र बिक्री गरिँदै

काठमाडौं, ४ असोज (रासस)। नेपाल राष्ट्र बैंकले शुक्रबार रु १० अर्बको पाँच वर्ष अवधिको विकास ऋणपत्र खुलाउने भएको छ। पाँच वर्ष अवधिको विकास ऋणपत्र २०८५ 'त्र' बोलकबोल प्रक्रियाबाट निष्कासन गर्न लागिएको राष्ट्र बैंकले जनाएको छ।

बैंक तथा वित्तीय संस्था, गैरबैंक वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा सर्वसाधारण नागरिकले यो विकास ऋणपत्र खरिद गर्न पाउनेछन्। यो ऋणपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनसमेत पाइनेछ।

यही असोज ५ गते मध्याह्न साढे १२ बजेसम्म बोलकबोल हुने ऋणपत्र असोज ७ गते निष्कासन हुनेछ। पाँच वर्ष अवधिको यो ऋणपत्रको साँवा भुक्तानी २०८५ असोज ७ गते हुनेछ।

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट गरिने रकमसम्ममा कायम भएको 'कट-अफ' ब्याजदरलाई एकल ब्याजदर कायम गरी सो ब्याजदर र सो ब्याजदरभन्दा तलका सबै बोलवालाहरूलाई सोही एकल ब्याजदरमा ऋणपत्र उपलब्ध गराइनेछ।

घटीमा रु पचास हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु ५० हजारले भाग गर्दा निःशेष भाग जाने अङ्कमा खरिद गर्न पाइने राष्ट्र बैंकले जनाएको छ। प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालाहरूलाई क्रमशः निष्कासित रकमको ८५ र १५ प्रतिशत अर्थात् रु आठ अर्ब ५० करोड र रु एक अर्ब ५० करोड छुयाइएको छ। अप्रतिस्पर्धी बोलवालाहरूलाई छुट्याइएको रकमको लागि पूरा बोल प्राप्त नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालाहरूलाई बिक्री गरिने राष्ट्र बैंकले जनाएको छ।

यस ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमार्फत मात्र हुने जनाइएको छ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. २ निवासी नितिश कुमार यादवको रजिष्ट्रेशन नं. ७६१५०७०१५ भएको माईग्रेशन सर्टिफिकेट २०७९ मंसिर २० गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८२५७७०३८८ मा सम्पर्क गर्नुहोला।

**नाम : नितिश कुमार यादव**
**ठेगाना : विष्णुपुर २, सप्तरी**
**रजिष्ट्रेशन नं. : ७६१५०७०१५**
**सि.नं. : २१५००५६०**

## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिवृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*